# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## प्रेस-विज्ञप्ति

३ मङ्सिर, २०८१

### दमननाथ ढुङ्गानाको निधनप्रति गहिरो दुःख व्यक्त ।

प्रतिनिधिसभाका पूर्वसभामुख दमननाथ ढुङ्गानाको हिजो भएको निधनप्रति राष्ट्रिय मानव अधिकार आयोग गहिरो दुःख व्यक्त गर्दछ ।

ढुङ्गानाको निधनले नेपालको लोकतान्त्रिक आन्दोलन, कानून र मानव अधिकारको क्षेत्रमा अपूरणीय क्षति पुग्नुका साथै देशले एक अमूल्य निधि गुमाएको छ । उहाँले नेपालको संविधान, २०४७ को निर्माण, संसदको गरिमाको रक्षा, कानूनको कार्यान्वयन, शान्तिप्रक्रिया तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि पुर्‍याएको योगदानको आयोग कदर गर्दछ। मानव अधिकारको संरक्षण, सम्बर्द्धन र शान्ति प्रक्रियाका सवालमा ढुङ्गानाले यस आयोगसँग समेत जोडिएर गरेको कार्यको आयोग स्मरण गर्दछ । ढुङ्गानाले देश र नागरिक अधिकारको रक्षाको लागि पुर्‍याएको योगदान इतिहासमा स्वर्ण अक्षरमा लेखिने विश्वासका साथै राज्यले उहाँको उच्च मूल्याङ्कन गर्ने आयोगले विश्वास लिएको छ ।

यस दुःखद घडीमा राष्ट्रिय मानव अधिकार आयोग स्वर्गीय ढुङ्गानाको आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org